**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः १८ सितम्बर २०२६**
समयः १८:५० – १६:०० बजे *(अवधि १० मिनट)*

**मुख्य समाचार**

१. प्रधानमंत्री नरेंद्र मोदीले जनसेवाको 25 वर्ष पूरा गर्दैं हुनुहुन्छ। जनसेवाले देशसेवाको मंत्र र सेवा तथा सुशासन प्रतिको प्रतिबद्धता का साथ उहाँको यो यात्रा आज पनि जारी छ।

२. पश्चिम बङ्गालमा यातायात व्यवस्थाको निगरानीलाई अझ बढ़ी पुख्ता बनाउनको लागि राज्य सरकारले एउटा महत्वपूर्ण कदम उठाएको छ।

३. निर्वाचन आयोगले तृणमूल कांग्रेसको नाम र चुनाव चिह्न फ्रीज गरेपछि चलिरहेको अड्कलबाजी समाप्त भएको छ।

४. कालेबुङ जिल्ला पुलिसले महिला सुरक्षा हेतु विशेष उपकरण हुमन सेव डिभाइस शुरु गरेको छ।

५. भाषा सङ्ग्रामी बुद्धिमान प्रधान 'बमप' को ९७ बर्षको उमेरमा निधन भएको छ।

**प्रधानमंत्री नरेंद्र मोदी- जनसेवाको 25 वर्ष**

प्रधानमंत्री नरेंद्र मोदीले जनसेवाको 25 वर्ष पूरा गर्दैं हुनुहुन्छ। जनसेवाले देशसेवाको मंत्र र सेवा तथा सुशासन प्रतिको प्रतिबद्धता का साथ उहाँको यो यात्रा आज पनि जारी छ। यसै दृष्टिकोणका साथ सरकारले वर्ष 2047 सम्म विकसित भारतको लक्ष्यलाई हासिल गर्ने दिशामा लगातार काम गरि रहेकोछ। समावेशी विकास र सामाजिक सशक्तिकरणको माध्यमले मानिसहरूको जीवनमा सकारात्मक परिवर्तन ल्याउने प्रयास लगातार गरिन्दैछ। 'सेवा संकल्प अभियानको यस विशेष श्रृंखलामा आज हमिले कुरा गर्छौं  प्रधानमंत्री नरेन्द्र मोदीको भोकल फर लोकल आह्वानको देशव्यापी व्यापक असर।

......बाइट ...... अशोक....

**(प्रधानमंत्री नरेन्द्र मोदीको भोकल फर लोकल आह्वानको दूरगामी परिणाम हामीले हाम्रो वरीपरि देखि रहेका छौं। वर्ष 2020 को मे महीनामा आत्मनिर्भर भारत अभियान बमोजिम श्री मोदीले गर्नु भएको यस अपिलको धेरै असर हाम्रो चाँडपर्वको खरीददारीमा देखिन्दैछ। देशमा माटो दियो, स्वदेशी विशेष गरी स्थानीय सजावटी वस्तुहरूको उपयोग, स्थानीय ब्यंजन प्रयोग धेरै बढेर गएकोछ। यसले प्रायः बन्द अवश्थामा पुगेका हाम्रा स्थानीय पारम्परिक हस्तकला, शिल्पकला, हस्तकरघाले ठूलो टेवा पाएकोछ। यस क्षेत्रमा करोडोको लेनदेन बढेकोछ, स्थानीय रोजगार, उद्योग र अर्थतन्त्रले टेवा पाएकोछ। विदेशी निर्यात वा विदेशी वस्तुको खरीद धेरै घटेको छ।उदाहरणको रूपमा हाम्रो खादी उद्योगले ठूलो टेवा पाएकोछ। विगत 12 वर्षमा खादी उद्योगले 1.34 लाख करोड भन्दा बढीको उत्पादन गरेकोछ अनि झण्डै 10 लाख रोजगारको सृजना गरेकोछ।)**

**यातायात व्यवस्था**

पश्चिम बङ्गालमा यातायात व्यवस्थाको निगरानीलाई अझ बढ़ी पुख्ता बनाउनको लागि राज्य सरकारले एउटा महत्वपूर्ण कदम उठाएको छ। सल्टलेकस्थित ट्राफिक मुख्यालयमा एक अत्याधुनिक लाइभ ट्राफिक कन्ट्रोल रूम स्थापित गरिएको छ। आज मुख्यमन्त्री शुभेन्दु अधिकारीले यस नयाँ कन्ट्रोल रूमको औपचारिक उद्घाटन गर्नुभयो। मुख्य सचिवको विशेष पहलमा तयार गरिएको यो कन्ट्रोल रूमले राज्यभरिकै प्रमुख मार्गहरूमा हुने वाहनहरूक आवागमनमाथि प्रत्यक्ष निगरानी राख्नेछ। उद्घाटनपछि मुख्यमन्त्रीले भन्नुभयो, प्रसासनिक सेवाहरूमा प्रत्यक्ष निगरानी राख्नुपर्ने आवश्यकता सम्बन्धी आफ्नो पूर्व अनुभवहरूको आधारमै

मुख्य सचिव र सम्बन्धित अधिकारीहरू समक्ष यस व्यवस्थाको प्रस्ताव राखेका थिए। यस कन्ट्रोल रूमको माध्यमबाट पश्चिम बङ्गालका सबै महत्वपूर्ण राष्ट्रिय एवं राज्य राजमार्गसँगसँगै शहरी क्षेत्रहरूका ट्राफिकमाथि पनि सोझै निगरानी राख्न सकिन्छ। आम जनताको सुविधा र सिकायतहरूको तत्काल समाधान गर्ने उद्देश्यले मुख्यमन्त्रीले एक विशेष टोल फ्री नम्बर-18003458922 पनि जारी गर्नुभयो। यस अतिरिक्त चाँड़ै नै एउटा मोबाइल लिङ्क र व्हाट्स एप नम्बरलाई पनि सक्रिय बनाइनेछ जसको माध्यमबाट आम नागरिकले ट्राफिकसित सम्बन्धित कुनै पनि जानकारी सोझै प्रशासनसम्म पुऱ्याउन सक्नेछन्।
पहाड़ी क्षेत्रहरूको उल्लेख गर्दै मुख्यमन्त्रीले भन्नुभयो, दार्जीलिङ र कालेबुङमा लगभग सात प्रतिशत सड़कको उपयोग पार्किङ्गको लागि भइरहेको जसबाट जामको गम्भीर समस्या उत्पन्न हुन्छ। उहाले जिल्ला प्रशासनलाई पार्वतीय क्षेत्रहरूमा वैकल्पिक पार्किङ्ग स्थल खोज्ने निर्देश दिनुभयो। यसको साथै स्कूलका विद्यार्थीहरूको आवागमनको वर्तमान स्थितिमाथि पनि चिन्ता व्यक्त गर्दै उहाले, विद्यार्थीहरूको सुरक्षित यात्रा सुनिश्चित गर्नु सरकारक प्राथमिकतामा सामेल रहेको बताउनुभयो

## पुलिस बल-आधुनिकीकरण

राज्यका मुख्यमन्त्री शुभेन्दु अधिकारीले राज्य पुलिस बललाई आधुनिकीकरण र सुदृढ बनाउन धेरै महत्त्वपूर्ण उपायहरूको घोषणा गर्नुभएको छ। कोलकाता पुलिस मुख्यालय लालबजारमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै उहाले भन्नुभयो कुनै पनि आपदाको समयमा कार्यबल र द्रुत प्रतिक्रिया वाहन दुवै हुनु उत्तिकै आवश्यक छ। मुख्यमन्त्रीले दुर्गा पूजा अघि प्रत्येक पुलिस स्टेशनमा एक आपतकालीन वाहन उपलब्ध गराइने घोषणा गर्नुभयो। महालयाको अवसरमा ब्रिगेड परेड ग्राउन्डमा आयोजित एक कार्यक्रममा यी गाडीहरू पुलिस बललाई हस्तान्तरण गरिनेछ। पुलिस विभागको जिम्मेवारी सम्हालेका मुख्यमन्त्रीले आफ्नो जीवन जोखिममा राख्ने पुलिस अधिकारीहरूलाई सम्मान गर्न विशेष पुरस्कारको घोषणा गर्नुभयो। उहाले सबै पुलिस थानाहरुलाई आधुनिकीकरण गर्ने, महिला सहायता डेस्कलाई थप सुधार गर्ने र साइबर विभागमा निगरानी बढाउने बताउनु भयो। उहाले साइबर अपराधका उजुरी लगातार बढिरहेको र धेरै पीडितहरूले आफ्नो कडा मेहनत गरेर कमाएको पैसा गुमाउने चिन्ता व्यक्त गर्दै यस समस्याको सामना गर्न नागरिक सुरक्षा कर्मचारीहरूको नयाँ टोली गठन गर्ने घोषणा गर्नुभयो, जसले दुर्गा पूजा अघि आफ्नो सेवा सुरु गर्नेछ र अग्निनियन्त्रकहरू पनि समावेश हुनेछन्। यस्तै मुख्यमन्त्रीले तल्लो तहका पुलिसहरूलाई आर्थिक सहयोगको पनि घोषणा गर्नुभयो। उहाले अक्टोबरमा दुर्गा पूजाको समयमा राशन, अग्रिम तलब र महँगाई भत्ता बढाइने जानकारी दिनुभयो। राज्यविरोधी गतिविधि र महिला हिंसाप्रति शून्य सहनशीलताको सरकारको नीतिलाई दोहोर्याउँदै उहाले कुनै आदेशको प्रतीक्षा नगरी पुलिसले तत्काल कारबाही गर्नुपर्नेमा जोड दिनुभयो।

## चिह्न फ्रीज

निर्वाचन आयोगले तृणमूल कांग्रेसको नाम र चुनाव चिह्न फ्रीज गरेपछि चलिरहेको अड्कलबाजी समाप्त भएको छ। आयोगले दुवै प्रतिद्वन्द्वी गुटका लागि नयाँ नाम र चुनाव चिन्हलाई अन्तिम रूप दिएको छ। ममता बनर्जीको खेमाको नयाँ नाम 'ममता सर्व भारतीय तृणमूल कांग्रेस' राखिएको छ र उनीहरूका उम्मेदवारहरू 'फुटबल खेलाडी' चिन्हमा चुनाव लड्ने छन्। त्यस्तै, बागी नेता ऋताब्रत बनर्जीको गुटको नाम 'लोकतान्त्रिक तृणमूल कांग्रेस' हुनेछ र उनका उम्मेदवारहरू (लिफाफा) चिन्हमा मैदानमा उतर्नेछन्। राज्यमा सत्ता परिवर्तन भएदेखि नै तृणमूलका विधायकहरूको ठूलो हिस्साले ममता बनर्जीको नेतृत्वविरुद्ध विद्रोह गरेको थिए। ऋताब्रत बनर्जीको नेतृत्वमा रहेको यो विद्रोही गुटले आफूलाई 'वास्तविक' तृणमूल कांग्रेस भएको दाबी गरेको थियो, त्यसपछि दुई 'घास पर जोड़ा फूल' चुनाव चिन्हलाई लिएर कानुनी र राजनीतिक संघर्ष सुरु भएको थियो। अक्टोबर ६ मा रेजीनगर र नन्दीग्राम विधानसभा सिटका लागि हुने उपचुनावलाई मध्यनजर गर्दै नाम र चिन्हको विवाद चरमोत्कर्षमा पुगेको थियो। यस विषयको गम्भीरतालाई मध्यनजर गर्दै निर्वाचन आयोगले दुवै गुटलाई बोलाएको थियो। दुई चरणको बैठकपछि हिजो आयोगले 'घास पर जोड़ा फूल' चिन्हलाई फ्रिज गर्न आदेश दिएको थियो र कुनै पनि पक्षले 'अखिल भारतीय तृणमूल कांग्रेस' को नाम प्रयोग गर्न नसक्ने स्पष्ट पारेको थियो। दुवै पक्षबाट तीन नयाँ नाम र चिन्हको विकल्प खोजिएको थियो, जसको आधारमा आयोगले आज आधिकारिक घोषणा गरेको थियो। निर्वाचन आयोगको निर्देशनअनुसार रेजीनगर र नन्दीग्रामको उपनिर्वाचनमा दुवै पक्षले यी नयाँ नाम र चिन्हका साथ चुनाउ लड्नु पर्नेछ

**ममता बनर्जी नंदीग्राम उपचुनाव**

पश्चिम बंगालकी पूर्व मुख्यमन्त्री ममता बनर्जीले नन्दीग्राम उपनिर्वाचनमा कांग्रेस उम्मेदवार मिलन प्रधानलाई समर्थन गर्ने घोषणा गर्नुभयो । ममता पक्षका सञ्चित प्रधान डेले यस महत्त्वपूर्ण चुनावबाट आफ्नो नाम फिर्ता लिएपछी उहाले यो घोषणा गर्नुपरेको थियो । ममता बनर्जीले आफ्नो गुटले अब नन्दीग्रामबाट अर्को कुनै उम्मेदवार नउतार्ने स्पष्ट पार्नुभयो । उहाले यो कदमलाई भारतीय जनता पार्टीविरुद्ध 'इन्डी' गठबन्धनसँग एकजुटताका रूपमा प्रस्तुत गर्नुभयो ।

**महिला सुरक्षा**

कालेबुङ जिल्ला पुलिसले महिला सुरक्षा हेतु विशेष उपकरण हुमन सेव डिभाइस सार्वजनिकरण गरिएको छ। आज टाउनहलमा आयोजित नशा मुक्त भारत अभियान विशेष कार्यक्रम बीच उक्त उपकरण सार्वजनीककारण गरेको हो । उक्त उपकरणद्वारा विभिन्न स्थानमा पढ्न जान्ने विद्यार्थी छात्रहरूको निम्ति लाभकारी हुने आशा व्यक्त गरिएको छ। कुनै पनि खतराको आवास भएको खण्डमा उक्त उपकरणको  स्विच अन  गरेपछि विशेष चेतावनी आलराम लाग्ने गरेको र यसबाट खतरा टर्न सक्ने सम्भावना रहेको जनाइएको छ उक्त उपकरण महिला पुलिस थानामा विशेष बाहिर जाने विद्यार्थीहरूको निम्ति उपलब्ध गराउने गरिएको एक महिला अधिकारीले जानकारी गराएकी छन्। कार्यक्रममा जिल्ला पुलिस अध्यक्षक अपरिजिता राई, कालेबुङका विधायक भरत क्षेत्री, लगायत उच्च अधिकारीहरू अनि पुलिसकर्मीहरूको बाक्लो उपस्थिति रहेको थियो। कार्यक्रममा नसामुक्त समाज निर्माण गर्न अपनाउनुपर्ने विभिन्न विषयमा वक्ताहरूले चर्चा परिचर्चा गरेका थिए।

**मिरिकमा टुल्कु  थुम्थोग**

मिरिक आइपुग्नुभएका परम पावन टुल्कु थुम्थोग रिन्पोछेले पत्रकार सम्मेलनमार्फत विश्व शान्ति र सद्भाव मानव सभ्यताका लागि अत्यावश्यक रहेको बताउनुभयो। उहाँले विश्वमा बढ्दो अशान्ति, तनाव र संघर्षप्रति चिन्ता व्यक्त गर्दै घरको सकारात्मक वातावरण, बालबालिकामा अनुशासन, अभिभावकीय जिम्मेवारी तथा आधुनिक प्रविधिको सदुपयोगमा जोड दिनुभयो। संस्कृति, परम्परा र रीतिरिवाजको संरक्षणसँगै आध्यात्मिक ज्ञानले व्यक्ति, परिवार र समाजलाई समृद्ध बनाउन महत्वपूर्ण भूमिका खेल्ने उहाँको भनाइ थियो। रिन्पोछेले भोलिदेखि मिरिक झिल परिसरमा हुने दुईदिने धार्मिक समारोहमा सहभागी भई दार्जिलिङ पहाड, सिक्किम तथा तराई–डुवर्सका भक्तजनलाई सम्बोधन गर्नुहुनेछ।

**‘बमप’**

भाषा सङ्ग्रामी बुद्धिमान प्रधान ‘बमप’ को निधन भएको छ। उनको निधन आज बिहान 9 बजीतिर खरसाङको सन्त मेरिजस्थित निजी बासस्थानमा भएको परिवार पक्षले जनाएको छ। उनी 97 वर्ष पुगेका थिए भने विगत केही समयदेखि बिमारी अवस्थामा थिए।

**मौसम**

पश्चिम बंगालको दक्षिणी भागमा धेरै स्थानमा मेघगर्जनसहित हावाहुरीका साथ वर्षा हुने सम्भावना रहेको छ भने उत्तर बंगालको उप-हिमाली जिल्लाहरूमा भारी वर्षा हुन सक्ने जनाएको छ। मौसम विभागले १८ सेप्टेम्बरमा उप-हिमालयी पश्चिम बंगालमा भारी वर्षा र गङ्गेय पश्चिम बंगालमा मेघगर्जन, चट्याङ र हावाहुरीको चेतावनी जारी गरेको छ। दक्षिण बंगालमा कोलकाता, हावडा, हुगली, उत्तर र दक्षिण २४ परगना, पूर्व र पश्चिम मेदिनीपुर, झारग्राम, बांकुरा, पुरुलिया, बीरभूम, मुर्शिदाबाद, नादिया, पूर्वी र पश्चिम बर्दवान लगायतका धेरै जिल्लाहरूमा वर्षा र चट्याङ वर्षाको सम्भावना छ। मौसम विशेष गरी तटीय र दक्षिणपश्चिमी जिल्लाहरूमा बढी सक्रिय हुने सम्भावना छ। यता उत्तर बंगालमा दार्जिलिङ, कालिम्पोङ, जलपाईगुडी, अलीपुरद्वार, बिहार र उत्तरी दिनाजपुरसहित उप-हिमालयी क्षेत्रमा वर्षा गतिविधि जारी रहनेछ। आईएमडीले उप-हिमालयी पश्चिम बंगालमा भारी वर्षाको चेतावनी दिएको छ।

**********